# गाउँकी चन्द्रमा

- **आभास**

गाउँकी चन्द्रमा
आँगनको डिलमा बस्छे
र गाउँछे गन्धर्वगीत-

‘हे बरै !
जो हेर्थ्यो मलाई
आफ्ना मुग्ध नजरले
त्यो वैँशालु कहाँ गो’ ?

हे बरै !
जो भन्थ्यो मलाई
शिरमा सिउरी दिउँला इन्द्रकमल
त्यो रुमानी कहाँ गो’ ?’

गाउँकी चन्द्रमा
पिँढीको गुन्द्रीमा बस्छे
र एकोहोरो गाइ नै रहन्छे

गाउँ चकमन्न

न खबर धुर्बेको
न शुक्रेको
मंगल पनि मुग्लानिएको युगौं भो’

वेदानन्द
र आइतेको ढाड कुप्रियो
सक्दैनन् एकअर्काको मुहार समेत निहार्न
के हेर्लान् तिनले
चन्द्रमुखी चेहरा

गाउँकी चन्द्रमा
घरको धुरीमा बस्छे
र लाटोकोशेरो जस्तो अलल्लिन्छे

कैयौं रात
अनवरत अनिद्रामै बग्छ
निर्मल खोलो

गाउँकी चन्द्रमा
फस्छे खोलाको प्रेममा
र सर्वाङ्ग नाङ्गै
डुबुल्किन्छे दहमा ।

काठमाण्डौ
६ जनवरी, २००८